AMNESTY INTERNATIONAL

AMNESTY INTERNATIONAL SOUTH ASIA
No. 47, Alexandra Place
Colombo 07
Sri Lanka
T: +94 (11) 203 4081 F: +94 (11) 266 5965
E: saro@amnesty.org W: www.amnesty.org

माननीय मोहमद इश्तियाक राई
मन्त्री
शहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
नेपाल ।

कोलम्बो / काठमाडौं
२०७६ श्रावण ३

TG No: ASA 31/2019/002
Index No: ASA 31/0723/2019

AMNESTY INTERNATIONAL NEPAL SECTION

माननीय मन्त्री राईज्यू,

नेपालमा आवासविहीनता र असुरक्षित आवासविरुद्धको कानूनी संरक्षणलाई सुदृढ पार्ने उद्देश्यबाट प्रेरित केही सिफारिस सहित आवासको अधिकारसम्बन्धी ऐन २०७५ माथिको आफ्नो टिप्पणीहरू यहाँ समक्ष प्रस्तुत गर्न पाएकोमा एम्नेस्टी इन्टरनेसनल खुसी व्यक्त गर्दछ । यी टिप्पणी र सिफारिसहरू २०७५ कात्तिक र मंसिरमा नेपाली नागरिक समाज लगायतका विभिन्न साझेदारहरूसँगको परामर्शका आधारमा तयार गरिएको हो ।

"नेपाल : सबैका लागि पर्याप्त आवासको अधिकार : आवासको अधिकारसम्बन्धी ऐन २०७५ को विश्लेषण" शीर्षकको दस्तावेजले यस ऐनका प्रावधानहरूलाई नेपालको संविधान र अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दायित्वहरूसँग मेल खाए नखाएको समेतका आधारमा विस्तृत विश्लेषण प्रस्तुत गरेको छ । आवासविहीनतालाई रोकथाम गर्ने र सबैका लागि सुरक्षित र पर्याप्त आवासको अधिकार सुनिश्चित गर्ने आफ्नो वाचा पुरा गर्नका लागि एम्नेस्टी इन्टरनेसनल यो ऐनलाई सुदृढ पार्न नेपाल सरकारलाई आह्वान गर्दछ ।

आवासविहीनता विरुद्ध लड्नका लागि आवासको अधिकारसम्बन्धी ऐन २०७५ एउटा महत्त्वपूर्ण कदम भएपनि यस टिप्पणीपत्रले ऐनका थुप्रै कमजोरीहरूलाई पहिचान गरी यस ऐनलाई आवासको अधिकारसम्बन्धी नेपालको अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वअनुरुप बनाउनका लागि केही सिफारिसहरू प्रस्तुत गरेको छ ।

यो टिप्पणी तथा सुझावपत्रले औंल्याएझैं आवासविहीनताका अन्तर्निहित कारण संबोधन गर्न तथा मानिसले बसोवास गरिरहेको जमीन वा आवासबाट जबर्जस्ती निष्कासनविरुद्ध पर्याप्त बचाउको प्रावधान सुनिश्चित गर्न पनि यो कानुनलाई संशोधन गर्नु आवश्यक छ । "आफ्नो स्वामित्वमा रहेको जमीन" मा निर्माण गरिएको आवासमा बसिरहेकालाई मात्रै अहिले यो कानुनले संरक्षण प्रदान गर्दछ । अरु वसोवासीहरुलाई त्यस्तो संरक्षण प्रदान नगर्नु अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मापदण्ड विपरीत हो ।

त्यसैगरी यो टिप्पणीले प्रत्येक तहका सरकारका लागि विशेष दायित्वको व्यवस्था गर्न र अधिकारीहरूलाई देशमा आवासविहीनताको अवस्थाको आवधिक आङ्कडा राख्न, आवासविहीन व्यक्ति तथा परिवारको पहिचान गर्न तथा व्यक्तिगत, पारिवारिक वा सामूहिक आवासविहीनताको अवस्थालाई संबोधन गर्नका लागि आवश्यक जिम्मेवारी र संयन्त्रको व्यवस्था गर्न जोड दिएको छ ।

गरिबीको अवस्थामा रहेका तथा अनौपचारिक वासस्थानमा बसोवास गरिरहेका दलित र थारु लगायतका भूमिमा आश्रित आदिवासी जनता जस्ता सीमान्तकृत समुदायलाई कानूनले सहयोग गरेको व्यवस्था सुनिश्चित गर्न एम्नेस्टी इन्टरनेसनल नेपाल सरकारलाई आह्वान गर्दछ ।

यससम्बन्धमा एम्नेस्टी इन्टरनेसनलका केही मुख्य सिफारिसहरू निम्नानुसार रहेका छन् :

- आवासको अन्तर्निहित कारणलाई संबोधन गर्न तथा सबैले आवासको अधिकार उपभोग गर्ने उचित वातावरण निर्माण गर्नका लागि ऐनको दायरालाई फराकिलो पार्ने ।
- कानूनी संरक्षणको दायरा गैर नागरिकहरूलाई समेत समेट्ने गरी फराकिलो बनाउने ।
- "आवासविहीनता", "आवाससम्बन्धको सुरक्षा", "आवासको मूल्यसुलभता" र "आवासको पर्याप्तता" लगायत शब्दावलीहरूलाई अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डहरूअनुरुप हुनेगरी परिभाषित गर्ने ।
- आवासविहीनताको अवस्थालाई आवधिक रूपमा आङ्कलन गर्ने र सो अवस्थालाई संबोधन गर्ने जिम्मेवारी प्राप्त संयन्त्र गठन लगायतका माध्यमबाट आवासविहीनताको समस्या संबोधन गर्न अधिकारीहरूलाई बाध्यकारी बनाउने ।
- तीनै तहको सरकारको भूमिका र जिम्मेवारीका बारेमा स्पष्टता ल्याएर आवासविहीनताको अन्तर्निहित कारण मूल्याङ्कन गर्न र आवश्यक उपाय अवलम्वन गर्न सबै तहका सरकारलाई बाध्यकारी बनाउने ।
- आवासको अधिकारअन्तर्गतका हकहरूलाई कानूनी निश्चिता प्रदान गर्ने ।
- ऐनका प्रत्याभूतिअनुरुप हुनेगरी तीनै तहका सरकारका नीति तथा कार्यक्रमहरूमा एकरुपता ल्याउने ।
- न्यायिक व्याख्या वा संशोधनमार्फत संविधानको धारा ३७ (२) लाई सुधार्ने (जुन प्रावधान अहिलेको अवस्थामा अधिकारीहरूका लागि झुपडी बस्ती वा अव्यवस्थित बस्तीमा बसोवास गरिरहेकाहरूलाई निष्कासन गर्न इजाजतको रूपमा परिणत हुनसक्छ) ।
- आवास भोगचलनको स्वरुप जुनसुकै भएपनि जबर्जस्ती निष्कासनविरुद्धको संरक्षणलाई सुनिश्चित गर्ने तथा निष्कासनका विरुद्ध पर्याप्त प्रकृयागत बचाउको व्यवस्था सुनिश्चित गर्ने ।
- आदिवासी जनजातिलाई असर पार्ने निष्कासनसम्बन्धी शर्तहरू आइएलओ १६९ को "स्वतन्त्र, अग्रिम र सूसूचित सहमति" अनुरुप भएको निश्चित गर्ने ।
- अस्थायी आवास आवश्यक पर्नेहरूका लागि यस्तो सुविधा प्रदान गर्न स्थानीय सरकारका लागि बाध्यात्मक बनाउने ।
- जीविकोपार्जनका लागि कुनै आय आर्जन कार्यमा भएको संलग्नतालाई यस ऐनअन्तर्गत सरकारले प्रदान गरेको आवासको स्वामित्व खोस्ने शर्त नबाउने प्रावधान सुनिश्चित गर्ने ।
- बेसहारा मानिस र सामाजिक संरक्षणको आवश्यकतामा रहेकालाई आवासको व्यवस्था गर्न तत्कालीन दायित्व सिर्जना गर्ने ।
- आवासविहीनहरूलाई अस्थायी वा आकष्मिक आवास सुविधामा बसोवास मिलाउने अविलम्व दायित्व सृजना गर्ने ।
- अधिकारीहरूमा आवास सुविधाको आवश्यकतामा रहेकाहरूलाई अग्रसकृय रूपमा पहिचान गर्नका लागि बाध्यकारी जिम्मेवारी प्रदान गर्ने ।
- सरकारले प्रदान गरेको आवास सुविधामा श्रीमान र श्रीमती दुवैको संयुक्त स्वामित्वको व्यवस्था राख्ने ।
- बहालवाला आवास र अनौपचारीक आवाससम्बन्धलाई कानुनी मान्यता दिई नियमन गर्ने ।
- अनौपचारिक भोगचलन र बहालको कानुनी सुरक्षालाई नियमन गर्ने ।
- जुनसुकै प्रकृतिको आवाससम्बन्ध भएपनि उक्त आवासको अनतिक्रम्यतालाई सुनिश्चित गर्ने ।
- बहाल करारको स्वेच्छाचारी समाप्ती र बढी मूल्य अशुलीबाट संरक्षण प्रदान गर्ने ।

- बहालवालालाई जबर्जस्ती निष्कासन, धम्की, हिंसा वा उत्पीडनको अवस्थामा पर्याप्त क्षतिपूर्तिको प्रवन्ध गर्ने ।
- जबर्जस्ती निष्कासनका लागि राज्यअधिकारीहरूलाई जवाफदेही बनाउने व्यवस्था राख्ने ।
- सरकारले प्रदान गरेको आवास सुविधालाई परिचालन गरेर पूँजी आर्जन गर्नमा भएको बन्देज हटाउने ।
- जीवन निर्वाहका लागि विभिन्न गतिविधिहरूमा लागिरहेकाले पनि सरकारी आवास सुविधा दावि गर्न योग्य हुने गरी आवास सुविधासम्बन्धी योग्यताका मापदण्डहरू निर्धारण गर्ने ।
- व्यवसाय प्रयोजनका लागि धितो राखी कर्जा लिएर पूँजी आर्जन गर्ने जस्तो वैधानिक उद्देश्यका लागि आवास सुविधालाई प्रयोग गर्ने अनुमति दिने ।
- आवासविहीन व्यक्तिलाई विभेद गर्ने, त्रास र धम्की दिने वा उत्पीडनपूर्ण व्यवहार गर्ने वा जीवन निर्वाहमूलक गतिविधिहरूबाट उनीहरूलाई वञ्चित पार्ने कार्य विरुद्ध संरक्षण प्रदान गर्ने व्यवस्था गर्ने ।
- विशेष वर्गका जनसङ्ख्या जस्तै दलित, एचआइभि सङ्क्रमित, यौनिक अल्पसङ्ख्यक र अन्य सीमान्तकृत समूहलाई आवासमा पहुँच प्राप्त गर्नमा व्यवधान खडा गर्ने कुनै पनि खाले विभदजन्य अभ्यासविरुद्ध कारबाही गर्ने ।
- आवास सुविधा प्राप्त गरेको व्यक्तिले उक्त आवासमा नियमित तीन वर्ष नबसेकै आधारमा उसलाई दिएको आवास सुविधा फिर्ता लिने प्रावधानलाई हटाउने ।

नागरिक समाज, राष्ट्रिय मानवअधिकार आयोग र अन्य विषयगत आयोगहरू जस्तै राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजातिसम्बन्धी आयोग, थारु आयोग, मधेशी अयोग र मुस्लिम आयोग लगायत सबै सम्बन्धित साझेदारहरूलाई ऐन संशोधन तथा ऐन कार्यान्वयनका लागि आवश्यक नियमावली, मापदण्ड, नीति र कार्यक्रम तर्जुमा गर्ने क्रममा आफ्नो राय र सुझाव राख्नका लागि पर्याप्त समय र स्थान प्रदान गरी उनीहरूको स्वामित्वलाई सुनिश्चित गरीनुपर्दछ ।

यो पत्रसँगै समाविष्ट दस्तावेजमाथि यहाँको जवाफको अपेक्षा गर्दै हामी थप परामर्श वा सपष्टिकरणका लागि हरदम उपलब्ध रहेको व्यहोरा यहाँलाई निवेदन गर्दछौं ।

भवदीय,

| | |
|---|---|
| राजु प्रसाद चापागाईं<br>दक्षिण एसिया अनुसन्धानकर्ता<br>एम्नेस्टी इन्टरनेसनल | निराजन थपलिया<br>निर्देशक, नेपाल शाखा<br>एम्नेस्टी इन्टरनेसनल |